# यशोधरा गाउपालिकाको कार्यालयको

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

२०७९/०३/१३ गते

**सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन**

**प्रतिवेदक/व्यवस्थापक**

**नेपाल पत्रकार महासंघ कपिलवस्तु**

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन
## पेस गरेको मिति २०७९/०३/०९ गते

## परिचय :

स्थानीय निकाय अथवा सेवा प्रदायक र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरी त्यस्तो सम्वादबाट जनतालाई राष्ट्रको विकास प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराउदै पारदर्शि माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य, सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारी, कर्तव्य निष्ट तथा जवाफदेहीताको संस्कार बसाल्नको लागी सार्वजनिक सुनुवाई अत्यान्तै महत्वपुर्ण हुन जान्छ ।

जिल्ला वा निश्चित स्थान भित्र भएका बिकासका निमार्णकाकार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एंव सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिकको जिम्मेवारी प्रति जिम्मेवार हुन माध्यम दिने सामाजिक जवाफदेहिताको एक संयन्त्र पनि हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाई पारर्दशी तरिकाले बलियो बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुःशासनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहिता प्रवर्द्धन गर्ने जस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै पारिपेक्षमा यशोधरा गाउपालिकले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्थालाई मुल्याकंन गर्न यशोधरा गाउपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हो ।

## महत्व :

वास्तवमा स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न, हकवालाहरुमा जान्न पाउँने हकको सुनिश्चित गर्दै त्यस माथिको पहुँच बढाई उनीहरुको सशक्तिकरण गर्नुस्थानीय निकायहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन, भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जन सहभागिता बढाउन, सामुहिक निर्णयको थालनी गराउन र मानव स्रोत तथा सामाजिक पूँजी विकासगर्नको लागी सर्वजानिक सुनुवाइको महत्व बढी देखिन्छ ।

## उद्देश्य :स्थानिय निकाय खास गरी यशोधरा गाउपालिकाबाट संचालन हुने सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु राखिएका छन ।

क) यशोधरा गाउपालिकाको कार्यालयबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरिय रसर्वपहुँच बनाई सेवा ग्राहीको सन्तुष्टी बृद्धि गर्न ।

ख) यशोधरा गाउपालिका बाट प्रवाह हुने सेवाहरु बारे सरोकारवालानागरिकहरुलाई सचेतना अभिबृद्धि गर्न ।

ग) यशोधरा गाउपालिका को क्रियाकलापहरुको सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिबृद्धि गर्न ।

घ) यशोधरा गाउपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्नु ।

ड.) यशोधरा गाउपालिकाको कृयाकलापहरुलाई पारर्दशी बनाउन ।

च) सेवाग्राहीलाई आफ्नो हक र अधिकार प्रति सजक तथा जिम्मेवार बनाउन ।

छ) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको तनावलाई न्यूनीकरण गर्दै दुरी  कम गर्न ।

**कार्य :**

- ❖ रेडियो परिवर्तन र कपिलवस्तु दर्पणबाट सूचना प्रशारण तथा प्रकाशन गरिएको ।
- ❖ कार्यक्रम संचालन एवं ब्यवस्थापनका लागी सम्बन्धित निकाय, नागरिक समाज तथा पत्रकार महासंघ समन्वय गरिएको ।
- ❖ नेपाल सरकारले जारी गरेको स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि २०६७ अनुसारका ढाँचामा सुचना संकलन नागरिक समाज पक्ष बाट गरिएको ।
- ❖ सुचना एकिकृत गरिएको ।
- ❖ पूर्व तयारी बैठकको लागी नागरिक प्रतिवेदन पत्र (CITIZEN REPORT CARD& Exit Poll) तयार गरिएको ।
- ❖ पूर्व तयारी बैठक सहयोगी एवं सम्बन्धित निकायसंग गरिएको ।
- ❖ सरोकारवालाहरुलाई पत्राचार सम्बन्धित कार्यालयबाट गरिएको ।
- ❖ सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धित निकाय, नगर प्रमुख, वडा अध्यक्ष,  सरोकारवाला निकायहरु, संचारकर्मी, समाजसेवी, बुद्धजिवी, ब्यवसायी तथा स्थानीय सरोकारवाला नगरिकहरुको सकृय सहभागितामासंचालन गरिएको ।

**कार्यक्रमको अध्यक्षता:  किरणमान बज्रचार्य अध्यक्ष नेपाल पत्रकार महासंघ**

**कार्यक्रमको बारेमा जानकारी,तथा प्रतिवेदन प्रस्तुती : मनिष कार्की सदस्य नेपाल पत्रकार महासंघ**

**कार्यक्रम संचालन : शम्भु सैनी सदस्य नेपाल पत्रकार महासंघ**

प्रतिवेदन अनुसुचि नं. २ र ३ मा संलग्न रहेको छ ।

**कार्यक्रम संचालन प्रकृया :**स्थानीय जनता, संचारकर्मी तथा जवाफदेही समुह गरी जम्मा तीन भागमाविभाजित भई कार्यक्रम संचालन गरिएको ।

**कार्यक्रम आयोजना स्थल** : यशोधरा गाउपालिका वडा नं. ५ अनिरुद्ध मा वि बैदौली ।

**कार्यक्रम आयोजना गरिएका मिति र समय** : १३ अषाढ २०७९ ,(११:०० देखि३:०० बजे सम्म )

**कार्यक्रम संचालन गरिएको समयावधि** (घण्टा, मिनेटमा) : ४ घण्टा

**जम्मा सहभागी :     जना**

❖ **गुनासो तथा सुझाव**

**१) बग्गल प्रसाद चाई वडा नं-४**

यस गाउपालिकामा कुनै पनि भौतिक पुर्वाधार को काम गरे पछि निकासा तथा भुक्तानी लिन धेरै समस्या झनझटिलो रहेको छ। खाता खोल्न पर्ने खाता खोल्न पनि बडा समस्या रहेको छ खाता खोले पछि निकासा लिन समस्या रहेको छ। पालिका बाट पाइने समाजिक सुरक्षा भत्ता पनि समयमा पाइदैन त्यस्तै गरि पालिकामा कर्मचारीको अभाव पनि रहेको छ।

**२) गोपाल प्रसाद मुराउ वडा नं -४**

विद्यालयमा धेरै कमजोरी रहेको गुणस्तर भएन भन्छौ स्कुलले अभिभावकलाई दोष लगाउछौ भने अभिभावकले शिक्षक लाई दोष लगाउने गरेका छौ। यस्तै गरि निशुल्क शिक्षा भने पनि बार्षिक १० हजार रुपया बच्चाको स्कुल फिसमा जाने गरेको छ।

**३) राधेश्याम पाठक वडा नं ५**

केन्द्र सरकारले सवै कामकाज योजनाको समय तोकी दिएको छ तैपनी विकास किन हुन सकेको छैन। कोरोना काल देखी नै जनताहरु धेरै पिडित हुदै आएका छन। जन्म दर्ता बनाउन २०० रुपया तिर्नु पर्छ भने प्रतिलिपी लिन लाई ५०० किन तिर्नु पर्ने। विकासको बजेट खर्च हुदा पनि प्रतिफल आएको छैन।

**४) मोहित मिश्रा वडा नं ५**

गाउ पालिका का जनप्रतिनिधीले कुनै कामको सिफारीस गरे पनि त्यो काम कर्मचारी बाट ढीला सुस्ती हुने गरेको छ। वडा बाट ३६ प्रकारको सुविधा रहेको छ जनताले कसरी थाहा पाउने चाडै भन्दा चाडै वडा पत्र बनाउनु पर्‍यो गाउ गाउमा सुविधाको प्रचार गर्नु परयो।

**५) राजेन्द्र प्रसाद मौर्य वडा नं - ३**

यस अनिरुद्ध पव्लीक मा वि मा विद्यार्थी हरु पिडित भएका छन। एउटा कक्षा कोठामा १०० जना भन्दा बढी विद्यार्थी हरु पढने गर्दछन। यसको व्यवस्थापन कसरी गर्नुपर्‍यो।

❖ **जवाफ देहिता निकाय**

**१) कृण्णा पाण्डेय ( सामाजिक विकास अधिकृत )**

हामीले गरेको कार्यक्रममा आज सेवाग्राहीको कमी भएको हामीले समिक्षा गर्ने छौ । समाजिक सुरक्षा भत्ताको कुरा गर्दा हामीले २ किस्ता दाखिला गरी सकेका छौ तेस्रो किस्ता दाखिला भइरहेको छ र चौथौ किस्ता अझ बाकी रहेकोछ । यो काम मा बैकले ढिला सुस्ती गर्दा समस्या आएको हो । घटना दर्ता निशुल्क हो ३५ दिन पछि दर्ता गर्दा दस्तुर लाग्ने गरेको छ । हराएपछि प्रतिलिपी लिने रकम  दण्ड स्वरुप लिएको हो । यो हामीले गाउपालिकाको गाउ सभाको निर्णय अनुसार नै असुली गरिएको हो ।

**२) पंचगुलाम ठाकुर (समाजिक सुरक्षा पंजिकरण )**

यो समाजिक सुरक्षा भत्ता समस्या हुने यसको समस्या पहिला हातबाट बाडने सिस्टम रहेको थियो ।यसरी बाडदा पैसा चोरी हुने हराउने हुदा अव सरकारले सम्बन्धित  व्यत्ति को खाता खोली बैक द्धार नै वितरण गर्न लागेको हो ।

**३) ध्रुव सिजवाल - शिक्षा प्रमुख )**

स्कुलमा फिस लियो निशुल्क हो भनी कुरा गर्दा हामीले यो बुझ्नु पर्छ यो स्कुलमा चाहिने विजिलु पंखा सरसफाई आवश्यक कुराहरु यही फिस बाट पुर्ती भएको छ ।

**४. रमेश पाण्डे (प्रधानध्यापक अनिरुद्ध पव्लिक मा.वि.)**

म अध्यक्ष ज्युलाई अनुरोध गर्छु फिस सवै माफ गरिदिनु । यो स्कुललाई संघिय को सहयोग पनि छैन प्रदेश सरकारको पनि सहयोग छैन स्कुलमा शिक्षक पनि छैन । निमावि र माविको शिक्षकले ११ र १२ का कक्षा संचालन गरेका छन । १४०० विद्यार्थी रहेको यस विद्याालयमा व्यवस्थापन गर्न सारै गारो छ । विद्यालयको सरसफाई खाने पानी विजली यो सवै व्यवस्थापन गर्न खर्च ल्याउने कहा बाट तेही भएर स्कुल फिस लिनु बाध्य छम ।

**५ .रेशम राज शर्मा ( अधिकृत )**

सार्वजनिक सुनुवाई कार्यक्रमा सहभागीको संख्या मा कमि आएको हो यसमा कुनै दुइ कुरा छैन । अव हामी ले नागरीक वडा पत्र डिजिटल गर्दै छौ । यसको समस्याको हल पनि चाडै हुने छ । अर्को कुरा सेवा ग्राहिलाई हामीले कुनै दुख दिएको छैनउ । सेवा ग्राहीको कुनै पनि काम तुरुन्तै गरिन्छ । नभए तपाइ अध्यक्ष ज्यु लाई उजुरी दिन सक्नु हुनेछ ।

**६.शिव दयाल तिवारी (अध्यक्ष यशोधरा गाउपालिका)**

सार्वजनिक सुनुवाइमा धेरै कुराहरु आएको छ गुनासोहरु पनि धेरै प्रकारको हुने गरेका छन । यहा विशेष गरेर समाजिक सुरक्षा भत्ताको कुरा हरु वढी उठेको छ । जेष्ठ नागरीकहरु लाई बैकमा गएर लाइनमा उभिन समस्या हुने गरेको मैले पनि महशुस गरेको छु । समाजिक सुरक्षा भत्ता वडा वडामा गएर वितरण कसरी गर्ने यसको योजनाको लगी हामिले छलफल चलाए छौ । अर्को कुरा शिक्षा बिद्यालयमा गुणस्तर भएन भन्ने कुरा आयो र विद्यार्थी फिस बुझाउन नसकेका कारण विद्यालय बाट बञ्चित भएको कुरा पनि सुनियो । म तपाइहरु लाई भन्न चाहन्छु की अव को ५ बर्षमा यस क्षेत्रमा शिक्षा, स्वास्थ्य,कृषिमा राम्रो विकास गर्नेछु यो ३ चिजको विकास भयो भने बल्ल विकास भएको भन्न सकिन्छ । अव हामी सवै मिली अघि बढी मिलेर काम गरे यो क्षेत्रको विकास चाडै हुन्छ ।

**निशकर्ष :**

सेवा प्रदायक निकायहरुबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न, हकवालाहरुमा जान्न पाउँने हकको सुनिश्चित गर्दै त्यस माथिको पहुँच बढाई उनीहरुको सशक्तिकरण गर्नु स्थानीय निकायहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन, भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जन सहभागिता बढाउन, सामुहिक निर्णयको थालनी गराउन र मानव स्रोत तथा सामाजिक पूँजी विकास गर्नको लागी आयोजना गरिएको सर्वजानिक सुनुवाइमा स्थानिय तहले गरेका कार्यसम्पादन लगायतका विषयमा धेरै सुझाव र गुनासाहरु आएका थिए ।


शुभदीपावली
सार्वजनिक सुनुवाई
२०७९/०३/१३ गते
यशोधरा गाउँपालिका वडा नं. ५, अनिरुद्ध मा.वि. बैदौली
सहयोग
आयोजक
गाउँपालिका
कपिलवस्तु
नेपाल




WELCOME
सार्वजनिक सुनुवाई
मिति-२०७९/०३/१३ गते
स्थान-यशोधरा गाउँपालिका वडा नं. ५, अनिरुद्ध मा.वि. वैदौली
सहयोग
यशोधरा गाउँपालिका
वैदौली कपिलवस्तु
आयोजक
नेपाल पत्रकार महासंघ
कपिलवस्तु

